# सार्वजनिक शौचालय एक अध्ययन




२०१०

एकिकृत शहरी विकास केन्द्र (CIUD)
..........fostering liveable cities

# एकीकृत शहरी विकास केन्द्र

## सारंश


आजको युगमा मानिसहरु वेरोजगार र रोजगारको खोजीमा शहर उन्मूख भएका छन् । त्यसमा पनि नेपाल जस्तो देशमा भएको आर्थिक र राजनैतिक कारणले गर्दा देशको विभिन्न भागबाट वसाइ सराइ गरि काठमाडौं आउने क्रम तिव्र छ । यसरी कुनै एकै ठाउँमा मात्र वसाइ सराइको तिव्रताले त्यस ठाउँको वातावरण सन्तुलनलाई अवश्य पनि खलवलाइरहेको हुन्छ । यस्तैमा मानिसहरुको आवत जावत र दैनिक क्रियाकलापहरु सार्वजनिक स्थलतिर वढि हुने गर्दछ । यस्तो अवस्थामा दैनिक जिवनमा सार्वजनिक स्थलहरुमा चाहिने सुविधामा सार्वजनिक शौचालय पनि एक हो । जसको अभावमा मानिसहरुले बाटोमा नै खुल्ला रुपमा दिसा पिसाव गरेको धेरै उदाहरणहरु हामी माझ लुकेको छैन ।

यस अध्ययनको मूख्य उद्देश्य भनेको नै विशेष गरि काठमाडौं वरपर रहेको सार्वजनिक शौचालयहरुको भूमिका , स्थिती र यसको महत्वको अध्ययन हो । यस अध्ययनमा सर्वसाधारणका लागि हाल आएर उपयोगी वनेको घुम्ती शौचालयको वारेमा भने अध्ययन गरिएको छैन । काठमाडौ रिङरोड परिसर भित्र ३८ वटा सार्वजनिक शौचालयहरु भएपनि यस अध्ययनले जम्मा २० वटा सार्वजनिक शौचालयको मात्र अध्ययन गरेको छ ।

यस अध्ययनबाट शहरी विकास र वातावरण सन्तुलनमा सार्वजनिक शौचालयहरुको भूमिका जस्तै : सर्वसाधारणले यसवाट पाएको सुविधा , सार्वजनिक शौचालय प्रति जनमानसको अवधारणा , सार्वजनिक शौचालयमा हुनु पर्ने गोपनियता, सुरक्षा ,सुविधाहरु, दैनिक आय व्यय, सार्वजनिक शौचालयको महत्व आदि लगायतका कुराहरु समावेश गरिएका छन् ।

यस अध्ययनले सार्वजनिक शौचालयमा मानिसको चाप र पर्याप्त मात्रामा शौचालय भएका स्थानहरु अनुसार दैनिक आम्दानी रु. १०० देखि रु ३५०० सम्म भएको देखाउँछ । यी आम्दानी समय अनुसारको मौसमी व्यापार नभइ सधैं हुने व्यापार भएकोले यो आम्दानी अरु व्यापारीक क्षेत्रको तुलनामा उचित भएको मान्न सकिन्छ । यसरी उचित साधन र स्रोतको अभावमा विष्णुमति किनारमा रहेको सार्वजनिक शौचालयहरुको आम्दानी कम भएकोले गर्दा त्यहाँका हेरालुहरु भने निरुत्साहित पनि देखिन्छन् । त्यसैले वातावरणीय प्रभाव एवंम सर्वसाधारको लागि यस्ता सार्वजनिक सुविधाहरुको दिगोपन बनाइ राख्नुपर्छ । जसबाट खुल्ला रुपमा हुने दिशा पिसावलाई पनि निरुत्साहित गर्न सकिन्छ ।

**यस अध्ययनको सारंशमा भन्ने हो** भने काठमाडौ रिङरोड परिसर भित्र रहेको सार्वजनिक शौचालयले वातावरण सन्तलनमा निकै प्रभाव पारेको छ । यी शौचालयहरुले मानिसहरुको रोजगारी, वातावरण सन्तुलन र सार्वजनिक स्थलको सकरात्मक आवश्यकता पूरा गरेको देखिन्छ । त्यसैले मानिसको चाप बदी हुने स्थानहरुमा सार्वजनिक शौचालयहरुको उचित व्यवस्था हुनु पर्दछ । यसरी वातावरण सन्तुलित पार्ने सार्वजनिक शौचालयको लागि छुट्टै योजना, निर्देशिका, कार्यनिति र व्यवस्थापन हुनु आवश्यक देखिन्छ ।

# सार्वजनिक शौचालय एक अध्ययन

यस अध्ययनवाट सार्वजनिक शौचालयले धेरै सर्वसाधारणको हितको कार्य गरिरहेको भएर यसको आवश्यकतालाई ध्यानमा राखि अझ मानिसको चाप हुने स्थानहरुमा सार्वजनिक शौचालयहरु हुनुपर्ने र भएका शौचालयहरुको पनि उचित स्याहार गरि सार्वजनिक शौचालयहरुमा हुनुपर्ने आवश्यक सुविधाको लागि सम्वन्धित निकाएको ध्यानकार्षको लागि सुझाव व्यक्त गर्दछ ।

## विषयहरु

पृष्ठभूमी 5

परिचय ........ 5

अध्ययनको विवेकशिलता ........ 5

यस अध्ययनका उद्देश्यहरु ........ 6

यस अध्ययनका विधिहरु ........ 6

प्रश्नावली ........ 6

प्रश्नावली सर्वेक्षण गरिएका स्थानहरु ........ 7

डाटा संकलन ........ 7

सहायक डाटा ........ 7

प्राथमिक डाटा ........ 7

डाटा Entry ........ 7

डाटा मूल्याङकन ........ 7

अध्ययनको प्रचार एवंम जानकारी ........ 8

भूमिका ........ 8

सार्वजनिक शौचालयका प्रयोगकर्ताहरु ........ 13

सार्वजनिक शौचालयको शुल्क ........ 14

सार्वजनिक शौचालयमा भएका समस्याहरु ........ 15

सार्वजनिक शौचालय नभएको अवस्थामा भएका समस्याहरु ........ 15

स्थलगत अध्ययनहरु ........ 17

संक्षेप ........ 19

निष्कर्ष तथा सुझाव ........ 19

१. सर्वेक्षण गरीएका सार्वजनिक शौचालयको विवरण ........ 21

२. प्रश्नावलीहरु ........ 23

३. सर्वेक्षण सहयोगीहरु ........ 28

# सार्वजनिक शौचालय एक अध्ययन

## पृष्ठभूमी

अव्यवस्थित शहरीकरण र शहरमूखि विकास निर्माण  सिमित भएकोले अवशरको खोजीमा शहरी विकास र  वसाई सराईको क्रम एकदम तिव्र गतिमा बढीरहेको अवस्था छ । यसमा पनि नेपाल जस्तो विकासन्मुख देशमा यसको प्रभाव अझ बढी भएको पाइन्छ । जसले गर्दा काठमाडौंको जनसंख्या विगत केही समय देखि ५६.१[1] प्रतिशतले बृद्धि भएको पाइन्छ । यसरी राजधानीको जनजिवन अस्तव्यस्त भएको छ । साथै यसरी विशेष गरि  कार्यलय समयमा सार्वजनिक क्षेत्रमा जनसंख्याको चाप  झन बढी देखिन्छ । जनघनत्व जति बढी हुन्छ , त्यहाँका आधारभूत आवश्यकता र समस्याहरु पनि त्यती कै बढी हुन्छ ।

वर्तमान स्थितीमा काठमाडौंको शहरीकरण्को अवस्थालाई हेर्दा यहाँको दैनिक आधारभूत आवश्यकतामा गाँस, वाँस ,कपास, स्वस्थ , शिक्षा र सार्वजनिक सुविधाहरु मूख्य रहन्छ । यस्तो अवस्थामा बढदो जनघन्त्व अनुसार सार्वजनिक स्थानहरुमा सार्वजनिक सुविधाहरु दैनिक रुपमा साँघुरिदै गएको जस्तो देखिन्छ जस्तैः सार्वजनिक धारा, सार्वजनिक पाटी, सार्वजनिक विद्यालय,सार्वजनिक पैदलमार्ग, सार्वजनिक शौचालय आदि  । विकशित देशहरुमा हेर्न हो भने सार्वजनिक शौचालय पनि शहरको परिचयको रुपमा रहेको देखिन्छ किनभने यस्ता सार्वजनिक शौचालयले गर्दा नै त्यस स्थानको वातावरण सन्तुलित र सुन्दर बनाएरहेको हुन्छ । यसरी स्वच्छ शहर मानव सभ्यताको परिचय पनि हो । त्यसैले व्यवस्थित शहर तथा त्यहाँको सन्तुलीत वातावरणको लागि विशेष गरि मानिसको चाप बढी हुने स्थानहरुमा सार्वजनिक शौचालयको पनि त्यतीकै आवश्यक छ । यही आवश्यकतालाई महसुस गरि हालै मात्र CIUD अन्तर्गत रहेको अर्वन डबलीलले काठमाडौं रिङरोड वरिपरि रहेको सार्वजनिक शौचालयहरुको प्रभावकारीता र पर्याप्तताको र यहाँको वस्तु स्थिती अनुसार यहाँ रहेका सार्वजनिक शौचालयको स्थलगत अध्ययने गरेको छ ।

## परिचय

यस अध्ययन मार्फत सार्वजनिक शौचालय भन्नाले  सर्वाजनिक स्थलहरुमा त्यहाँ हिड्ने बटुवाहरुको सुविधा र वातावरण सफा राख्ने हेतुले दैनिक रुपमा दिशा पिसाब गर्नको लागि सार्वजनिक ठाउँहरुमा रहेका स्वस्थ शौचालय भन्ने बुझिन्छ । जहाँ यस सुविधा प्रयोग गरे बापतमा केही शुल्क तिर्नुपर्ने र यदि स्थानिय शहरी गरीव हो भने निःशुल्क रुपमा दैनिक ती शौचालयहरु प्रयोग गर्न पाइने कुरा बुझिन्छ ।

## अध्ययनको विवेकशिलता

[1] Report on the Nepal Labour Force Survey 2008

## सार्वजनिक शौचालय एक अध्ययन

CIUD काठमाडौंमा रहेको यस्तो एउटा गैरसरकारी संस्था हो । जसले शहरी गरिवहरुलाई केन्द्रविन्दु बनाई शहरी विकासमा विषय र मुद्दाहरुको कार्यहरु गर्दछ । हालै मात्र CIUD ले एउटा शहरी श्रोत केन्द्रको रुपमा अर्वन डबलीको स्थापना गरेको छ । यस अघि पनि यस डवलीबाट नै काठमाडौमा रहेको प्लाष्टिक संकलकहरुको बारेमा अध्ययन गरिएको छ । यसरी शहरी समस्याहरुलाई पहिचान गर्दै अध्ययन गर्ने क्रममा सार्वजनिक शौचालयको पनि अध्ययन गरिएको हो ।

सार्वजनिक शौचालय संग सन्वन्धित विभिन्न article पत्र पत्रिकामा विरलै मात्र निक्लेको पाइन्छ । सोही अनुसार विगत मार्च २००३ मा नेवाह्वारा काठमाडौंमा भित्र मात्र रहेका सार्वजनिक शौचालयको अध्ययन गरिएको पाइन्छ । तर अर्वन डवलीद्धारा गरिएको अध्ययनमा रिङरोड वरपर भएकोले गर्दा काठमाडौं साथै पाटन क्षेत्रपनि समेतिएको छ ।

### यस अध्ययनका उद्देश्यहरु

१. काठमाडौंमा रहेका सार्वजनिक शौचालय सामान्य स्थिती विष्लेशण गर्न

२. काठमाडौं वरपर रहेको सार्वजनिक शौचालयहरुको नक्साङ्कन गर्न

३. काठमाडौं रहेको सार्वजनिक शौचालयको व्यवस्थापन स्थिती थाहा पाउन

४. सार्वजनिक शौचालयमा हुनु पर्ने सुविधाहरु जस्तै पानी, सरसफाई र अन्य सेवाहरुको वारेमा थाहा पाउन

५. रिङरोड वरपर कहाँ कहाँ सार्वजनिक शौचालयको आवश्यकता छ भन्ने कुरा उजागर गर्न ।

### यस अध्ययनका विधिहरु

यस अनुसन्धान भन्दा पहिला हामीलाई सार्वजनिक शौचालयसंग सम्वन्धित कुनै पनि जानकारीहरु थिएन । त्यसैले हामीले काठमाडौ महानगरपालीकाको कार्यलयबाट काठमाडौमा जम्मा ३३ सार्वजनिक शौचालय भएको जानकारी प्राप्त गऱ्यौ । जसमा एडिबि को योजना अन्तर्गत ८ वटा सार्वजनिक शौचालय विष्णुमति किनारमा रहेको जानकारी प्राप्त भयो । त्यसै गरि पाटन उपमहानगरपालीका कार्यलयका प्रदिप अमात्य ज्यूवाट पाटनमा जम्मा ५वटा सार्वजनिक शौचालयहरु रहेको जानकारी प्राप्त भयो । जसले गर्दा हामीलाई यस अध्ययनले अवका नयाँ अनुसन्धानकर्ताहरुलाई सार्वजनिक शौचालयसंग सम्वन्धित अनुसन्धान गर्न सहयोग पुग्नुको साथै थप उर्जा प्रदान गर्छ जस्तो लाग्दछ ।

### प्रश्नावली

CIUD मा रहेको कर्मचारीहरुको सहयोगमा दुइवटा प्रश्नावली बनाइएको थियो । जसमा एक प्रश्नावली सार्वजनिक शौचालयको हेरालुको लागि र अर्को प्रश्नावली सार्वजनिक शौचालय प्रयोगकर्ता वा बटुवा, महिला र पुरुषको लागि बनाइएको थियो । यसरी दुई थरीको प्रश्नाबली बनाउनुको उद्देश्य भनेको हेरालुको प्रश्नबाट मूख्य रुपमा सार्वजनिक शौचालयको व्यवस्थापन र बटुवाको लागि बनाइएको प्रश्नावलीबाट सार्वजनकि शौचालय प्रति नागरिक धारणा बुझ्नु थियो । जुन यसै प्रतिवेदन साथ अनुसुची नं २ मा समावेश गरिएको छ ।

## सार्वजनिक शौचालय एक अध्ययन

### प्रश्नावली सर्वेक्षण गरिएका स्थानहरु

काठमाडौं महानगरपालीकाबाट प्राप्त जानकारी अनुसार काठमाडौंमा भएका ३३ सार्वजनिक शौचालयहरु मध्य १६ वटामा प्रश्नावली सर्वेक्षण गरिएको थियौं भने पाटनमा रहेको ५ वटा सार्वजनिक शौचालय मध्य ४ वटामा प्रश्नावली सर्वेक्षण गर्‍यौं । यस अन्तर्गत सर्बेक्षण गरिएका सार्वजनिक शौचालयहरुको स्थान अनुसूची नं १मा समावेश गरिएका छन् ।

### डाटा संकलन

डाटा संकलन गर्दा सहायक डाटा र प्राथमिक डाटा गरी दुई किसिमबाट डाटा संकलन गरिएको थियो ।

### सहायक डाटा

सार्वजनिक शौचालयहरुको डाटा काठमाडौं महानगरपालीका र नेवाले सन् २००३ मा बनाएको रिपोर्टबाट संकलन गरिएको थियो ।

### प्राथमिक डाटा

१. यसको लागि २१ पुरुषहरु र १८ महिलाहरु गरि जम्मा ३९ जना संग प्रश्न सोधिएको थियो ।

२. सार्वजनिक शौचालयको स्थलगत अध्ययन गरिएको थियो ।

३. सार्वजनिक शौचालयको हेरालुहरुसंग प्रश्नावली सर्वेक्षण मार्फत प्रश्नोत्तर गरिएको थियो ।

४. सार्वजनिक शौचालयको आवश्यक तस्विरहरु खिचियो ।

यसरी डाटा संकलनको लागि सर्वेक्षण पूर्व केही सार्वजनिक शौचालयहरु निरिक्षण तथा संम्वन्धित हेरालुसंग छलफल गरि प्रश्नाबली तयार गरिएको थियो । तत्पश्चात प्रश्नावलीमा केही थप घट गरि CIUD कर्मचारीको सुपरिवेक्षण्मा कलेज पढिरहेका चार जना विद्यार्थीहरुद्धारा प्रश्नावली सर्वेक्षण गरिएको थियो । यस क्रममा उत्तरदाताको धारणलाई मात्र आधार नमानी सर्वेक्षक स्वयम आफै पनि शौचालयको निरिक्षण गरिएको थियो । यस समूहको जानकारी पछाडी समावेश गरिएको छ ।

## डाटा Entry

यो एउटा सानो अध्ययन भएकोले यसको डाटा Entry माइको सफ्ट एक्सेल सितमा गरिएको हो ।

### डाटा मूल्याङकन

सार्वजनिक शौचालयको डाटा मूल्याङकनको कममा यसको डाटा entry बाट आउने प्रतिशतको मापदण्ड भन्दा पनि यस डाटाबाट आउने तथ्यको अध्ययन गर्न अझ मद्दत पुगेको छ । यस अध्ययनको डाटा मूल्याङकन छलफल गरि स्वयमंबाट पनि शौचालयको निरीक्षण गरि मूल्याङ्कन गरिएको छ ।

# सार्वजनिक शौचालय एक अध्ययन

## अध्ययनको प्रचार एवंम जानकारी

अर्वन डबलीको स्थापना मूख्य उद्देश्य विभिन्न शहरी समस्याहरुको बारेमा अध्ययन गर्न र प्राप्त अध्ययनको बारेमा सबैमा जानकारी प्रवाह गर्ने र वकालत गर्नु हो । यो डवली अहिले सिक्ने क्रममा अघि बढ्दै छ । त्यसैले अर्वन डबलीबाट भएको यो अनुसन्धानमा केही थप गर्नुपरेमा अवश्य पनि अब आउने दिनहरुमा यसको छलफलमा भएका सल्लाह सुझाव समावेश गरिनेछ ।

## भूमिका

काठमाडौंमा रिङरोड वरपर विभिन्न समयमा सार्वजनिक शौचालय वनेको पाइन्छ । धेरै सार्वजनिक शौचालयहरु रत्नपार्क वरपरको क्षेत्रमा निर्माण भएका छन् । सार्वजनिक शौचालयहरु विशेषत पैदल यात्री तथा सडक व्यापारीहरुलाई ध्यान दिएर बनाइएका छन् भने विष्णुमति खोला किनारमा एडिवीको सहयोगमा बनेका सार्वजनिक शौचालयहरु भने स्थानिय शहरी गरिव समुदायलाई प्राथमिकता दिएर बनाइएका छन् । यि सार्वजनिक शौचालयहरु सन् १९९८ सालमा बनाइएको हो । यि सार्वजनिक शौचालयहरु सवैको बनोट एकै प्रकारको रहेको छ ।

### सार्वजनिक शौचालयको व्यवस्थापन

सार्वजनिक शौचालयको व्यवस्थापन ठेक्कामा ठेकेदारले लिएर र आफूले ठेक्कामा लिएपछि अरु व्यक्तिलाई हेरालुको रुपमा राखि संचालन गरेको पाइयो । जस्तै

१. व्यक्तिबाट वडामा सम्पर्क गरेर

२. संस्थागत रुपमा महानगर पालिकासंग समन्वय गरेर ।

३. वडा आफैबाट

४. पशुपति विकास कोषसंग समन्वय गरेर

५. पशुपति विकास कोषसंग  आफै

६.पाटन उपमहानगरपालिकासंग समन्वय गरेर

७. निजी रुपमा

### २. ठेक्काको प्रकार

१. ठेकेदार आफैले विभिन्न २ /३ वटा सार्वजनिक शौचालय ठेक्कामा लिई हेरालु राखेर संचालन गरेको ।

२. ठेकेदार आफैले एउटामात्र सार्वजनिक शौचालय व्यवस्थापन गरेर

३. ठेकेदार आफै हेरालु भएर सार्वजनिक शौचालय संचालन गरेर

### ३. पानी व्यवस्थापन

काठमाडौं र पाटनका अधिकांश सार्वजनिक शौचालयमा पानीको समस्या रहेको छ । तैपनि सरदर दैनिक पानी ३० लीटर देखि ६००० लीटर सम्म खपत हुने गर्दछ ।

यसरी पानी खपत गर्दा ६५% सार्वजनिक शौचालयले जमिनमुनिको पानी खपत गर्दछन्, २५% ले ट्याङकरको पानी र १० % प्रतिशत सार्वजनिक शौचालयमा धाराको पानीको व्यवस्था रहेको पाइयो ।




महिलाहरुलाई मात्र सार्वजनिक शौचालयमा के व्यवस्थापन हुनुपर्छ भनी प्रश्न गर्दा १६% महिलाहरुले पानीको समस्या रहेको कुरा व्यक्त गरेका छन् भने पुरुष र महिला दुवैलाई सार्वजनिक शौचालयमा के कुराको सुधार गर्नुपर्छ भनी प्रश्नमा ५९% ले पानी र सरसफाई भने उत्तर दिए भने १७ % चर्पी प्रयोगकर्ताले पानीमा सुधार गर्नुपर्ने बताए ।

- वातावरण सन्तुलनलाई न खलबलाउन दिसा पिसावको उचित व्यस्थापनको महत्वपूर्ण कार्य हुन्छ त्यसैले ८० % ले सार्वजनिक शौचालयका दिसा पिसाव ढलमा व्यवस्थापन भएका छन् । १५ % ले दिसा पिसाव व्यस्थापनको सेप्टी ट्याङकमा गर्ने गरेका छन् भने ५ % ले सिधै खोलामा व्यवस्थापन गर्ने गरेका छन् ।

## ४. सरसफाई अवस्था :-

यस सर्वेक्षणमा रिङरोड वरपर भित्र पर्ने सार्वजनिक शौचालय मध्य पनि २० वटा चर्पीमा मात्र सर्वेक्षण गरिएको थियो । जसमध्ये सरसफाइको दृष्टिकोणबाट हेर्दा ५० % चर्पीमा गन्ध आउँछ भने ५० % चर्पीमा आउँदैन । सार्वजनिक शौचालय सफाइ अनुसार पनि ५०% सार्वजनिक शौचालय सफा देखिन्छन

भने ५०% सार्वजनिक शौचालय फोहर देखिन्छ । यसरी सरसफाईमा फिनेल र एसिड अरु केमिकलको दाँजोमा सस्तो र सुलभ भएकोले सवै सार्वजनिक शौचालयमा सफाईको लागि एसिड फिनेल नै प्रयोग भएको पाइयो ।

बाग्मती किनारमा रहेको सार्वजनिक शौचालय स्थानीय बासिन्दाले निः शुल्क प्रयोग गर्दै आइरहेका छन् । यहाँको सार्वजनिक शौचालयको आम्दानी पनि कमै देखियो भने यसको तुलनामा रत्नपार्क, लगनखेल, बसपार्क जस्तो स्थानको आम्दानी उचित भएको पाइयो । यसरी आम्दानी कम भएकोले गर्दा यहाँका हेरालु पनि उत्साहीत देखिन्न थियो ।

- शौचालयमा दिसा गरिसकेपछि सावुन पानीले हात अनिवार्य रुपमा धुनुपर्छ भन्ने सबैलाई जनचेतना भएपनि ५५% सार्वजनिक शौचालयमा मात्र हात धुन सावुनको व्यवस्था छ भने ४५%सार्वजनिक शौचालयमा सावुनको व्यवस्था छैन । यसै गरि ४५ % सार्वजनिक शौचालयमा धाराको व्यवस्था छ । ५०% सार्वजनिक शौचालयको धारा नै छैन भने ५ % शौचालयमा धारा छ तर कहिले काहि मात्र पानी आउने गर्दछ । हेरालुले भने अनुसार धारामा पानी दिंदा शौचालय प्रयोगकर्ताहरुले पानी बढी प्रयोग गर्ने धारा खुल्ला छोडिदिने कतै धाराको पानी बोतलमा भरेर लग्ने साथै Bagmati Corridor तिरका मानिसहरुले पहिले पहिले घरबाट भाडा ल्याई पानी थापेर लग्ने जस्ता कार्यहरु गरेकाले ५० प्रतिशत सार्वजनिक शौचालयमा धारा नराखीएको कुरा हेरालुबाट थाहा पाईयो भने यस्तो धारा नभएका ठाउँमा भने शौचालयको बाहिर ३० लीटरको बट्टाहरुमा पानी जम्मा गरी प्रयोगगर्नको लागि व्यवस्था मिलाइएको पाइयो ।

## ५. सार्वजनिक शौचालय निरिक्षण

सार्वजनिक शौचालय ठेकेदार निजि संस्था वा हेरालु आफैले संचालन गरेको भएतापनि सम्वन्धित निकाए (

| विवरण | छ (%) | छैन (%) | आंशिक (%) |
|---|---|---|---|
| गन्ध | ५० | ५० | |
| सफा | ५० | ५० | |
| सावुन | ५५ | ४५ | |
| धारा | ४५ | ५० | ५ |
| भेन्टिलेसन | ६० | ४० | |
| चुकुल | ७० | २० | १० |
| उज्यालो / बत्ती | ७५ | २५ | |

का.म.न.पा ) बाट यसको निरीक्षण भएको पाइदैन । जसले गर्दा यि सार्वजनिक शौचालयको स्थिती राम्रो भएको पाइएन ।

## ६. हेरालु

हामीले गरेको २० वटा सार्वजनिक शौचालय सर्वेक्षणमा अधिकांश हेरालु जनजातीबाट भएको पाइयो । जसमा नेवार समुदायका देउला जाति प्रमुख रहेका छन् भने केही मात्र लामा जातिका छन् ।

यसरी हेरालुको रुपमा काम गर्नेहरु अधिकांश पुरुषहरु छन् भने प्राय ठाउँमा पालो मिलाउन परिवारका ३/४ जना यसै पेशामा आवध्य भएको पाइयो । जस्तै (श्रीमती, छोरा, छोरी वुहारी आदि )

## ४.१ हेरालुको आम्दानी

हामीले गरेको सर्वेक्षणमा ७५% हेरालु नै ठेकेदार थिए । जस अनुसार हेरालुले जति रकम सम्वन्धित वडा क्लब, ठेकेदार अथवा संघ संस्थामा बुझाउने भनी सम्झौता गरेको हुन्छ । सोही अनुसार मात्र रकम तिछंन् र बांकी सम्पूर्ण रकम आफै राख्ने गर्दछ । यसमा पनि मानिसको चाप बढी भएको ठाउँमा भाडामा दिने पक्षले सार्वजनिक शौचालय ठेकेदारसंग बढी रकमको सम्झौता गरिएको हुन्छ भने मानिसको चाप कम भएको ठाउँको तिनुपर्ने रकमको सम्झौता रकम कम छ । तरपनि हेरालुहरु जहाँ कम आम्दानी हुन्छ त्यहाँ बस्न नचाहेको कुरा व्यक्त गर्दछन् । यसरी हेरालुको तलव पनि मानिसको चाप बढी भएको ठाउँमा धेरै र सामान्य सार्वजनिक शौचालयमा कम छ । सवै जसो ठाउँमा २ जना व्यक्तिहरु हेरालुको रुपमा रहेका छन् । यसमा पनि श्रीमान् हेरालु छन् भने उसलाई खाना खाने बेलामा र शौचालयको सफाइको लागि श्रीमतीले सहयोग गर्ने गरेका छन् ।

- सर्बेक्षण अनुसार हेरालुको मासिक तलब रु २५००।- देखि रु ९५००।- सम्म भएको पाईयो ।
- अधिकांश हेरालु शौचालय खोल्ने समय विहान ७ बजे देखि बेलुका ८ बजेसम्म रहेका छन् भने नयाँ बसपार्क, कलंकी र लगनखेल बसपार्कको शौचालय भने बिहान ५ बजेदेखि राति १२:०० सम्म पनि खोल्ने गरिएको पाईयो । शनिवार र सार्वजनिक बिदाका दिनहरुमा पनि सार्वजनिक शौचालयहरु खुल्ने गर्दो रहेछ ।
- शौचालयमा हुने गरेको प्रदुषण नियन्त्रणको लागि हावाको आवत जावत हुनु आवश्यक पनि निकै महत्वपूर्ण हुन्छ यसै अनुसार २० वटा शौचालयको सर्वेक्षणमा कतिपय सार्वजनिक शौचालयहरुमा यस्तो कुरालाई वेवास्ता गरि निकै अँध्यारो ठाउँमा शौचालय निर्माण गरिएको पाईयो । जसमा ६० प्रतिशत सार्वजनिक

शौचालयहरुमा भेन्टिलेशन व्यवस्था छ भने ४० प्रतिशत सार्वजनिक शौचालयमा भेन्टिलेशनको व्यवस्था छ ।

- अधिकांश सार्वजनिक शौचालयमा हामीले चुकुलको व्यवस्था नदेखेपछि हामीले शौचालय हेरालुलाई चुकुल नहुनुको कारण बुझ्न खोज्दा उहाँहरुले चुकुल राख्दा भए गरेका समस्याहरु सुनाउनु भयो । चुकुल भएको शौचालयमा विशेष गरी पुरुषहरु ड्रगसको सिरिन्जहरु तान्ने र शौचालयमा धेरै समय बिताउने गरेको कुरा सुनाउनु भयो भने महिला शौचालयहरुको धाराको टुटि चोरी हुने गरेको समस्या बताउनु भयो तैपनि ७० प्रतिशत सार्वजनिक शौचालयमा चुकुलको व्यवस्था छ २० प्रतिशत शौचालयमा चर्पीको व्यवस्था छैन भने ५ प्रतिशत सार्वजनिक शौचालयमा तारले बेरेर चुकुल जस्तै गरी व्यवस्थापन गरेको पाईयो ।





- हाम्रो सर्वेक्षण अनुसार रिङरोड वरपर भएका ७५% उज्यालो भएको र साथै साँझको समयमा बिजुलीको पनि सुविधा भएको पाईयो भने २५% सार्वजनिक शौचालय अँध्यारो र बिजुली सुविधा नभएको पायौं ।
- सरसफाई गर्दा हामीलाई ९०% सार्वजनिक शौचालयले दैनिक रुपमा सफा गर्ने गरेको बताउनु भयो भने १० प्रतिशत शौचालय फोहोर देखिएपछि मात्र सफा गर्ने गरेको पाईयो । सफा गर्दा ९५ प्रतिशत शौचालयमा फिनेल वा एसिड प्रयोग गरिएको पाइयो भने ५ प्रतिशत शौचालयमा औषधी एवम् फिनेल केही पनि प्रयोग नभएको पाईएको छ ।
- वातावरणको सन्तुलनको लागि सार्वजनिक शौचालयहरु निर्माण गरिएका हुन्छन् । तर पनि विभिन्न कारणहरुले गर्दा खुल्ला दिसा पिसाव गर्ने वा सार्वजनिक शौचालय नै प्रयोग नगर्ने मानिसहरुको पनि कमी भने पक्कै छैन । सोही अनुसार सार्वजनिक शौचालय भएर पनि ५० प्रतिशत मानिसहरु शौचालय वरपर नै खुल्ला रुपमा दिसा पिसाब गर्छन् भने ५० प्रतिशतले मात्र सार्वजनिक शौचालयको प्रयोग गरेको पाइन्छ । तर २० वटा सार्वजनिक शौचालय सर्वेक्षण गर्दा र हेरालुको उत्तरको आधारमा ६५ प्रतिशत ठाउँमा हाल भईरहेकै सार्वजनिक शौचालयको मात्र पर्याप्त छ । तर यसको उचित स्याहार भने नपुगेको देखियो भने ४५ प्रतिशत ठाउँमा भने सार्वजनिक शौचालयको संख्या कम भएकोले नै पुरुषले पनि महिलाहरुको शौचालय

प्रयोग गरेको पाईयो । जसले गर्दा महिलाहरुले सार्वजनिक शौचालय प्रयोग नगर्नुको कारण यसरी अलग अलग शौचालय नभएको र असुरक्षित महसुस गरी सार्वजनिक शौचालय प्रयोग नगरेको पनि पाईयो ।

## सार्वजनिक शौचालयका प्रयोगकर्ताहरु

सार्वजनिक शौचालयका प्रयोगकर्ताहरुमा हामीले गरेको सर्वेक्षण अनुसार ६०% बटुवा , २०% सडक व्यापारी १०% शहरी गरिव(विशेष गरि वाग्मती किनारमा रहेका शौचालयहरुमा ) र १०% वरिपरिको पसलेहरु रहेका पाइयो । यसरी सार्वजनिक शौचालयमा दैनिक रुपमा दिसा गर्न ५ जना देखि १०० जना सम्म आउने र पिसाव गर्न २५ जना देखि १५०० जना सम्म शौचालयको स्थान हेरी आउने गरेको पाइयो । यसरी बढी भिड भाड हुने स्थान जस्तै कलंकी , गोंगवु बसपार्क, लगनखेल आदि स्थानमा शौचालय प्रयोगकर्ता बढी भएको देखिन्छ । तर हाम्रो सर्वेक्षण अनुसार ६५% स्थानमा मात्र सार्वजनिक शौचालयको संख्या पुगेको र ३५% स्थानमा सार्वजनिक शौचालय अपुग भएको देखिन्छ । यसरी सार्वजनिक शौचालय भएका ठाउँहरुमा पनि ५०% व्यक्तिहरुलेमात्र सार्वजनिक शौचालय प्रयोग गरेको पाइन्छ भने ५०% व्यक्तिहरुले सार्वजनिक शौचालय प्रयोग नगरी खुल्ला रुपमा सार्वजनिक शौचालय नजिक नै दिसा पिसाव गर्ने गरेको पाइयो ।




हाम्रो अध्ययनको क्रममा २० वटा सार्वजनिक शौचालयको प्रश्नावली सर्वेक्षण अनुसार महिलाको तुलनामा ८०% सार्वजनिक शौचालयमा पुरुष प्रयोगकर्ता बढी छ । १०% शौचालयहरुमा महिला सार्वजनिक शौचालय प्रयोगकर्ता बढी छ भने १०% सार्वजनिक शौचालयमा महिला र पुरुष शौचालय प्रयोगकर्ता

बरावर छ । यसरी पुरुषहरुको तुलनामा महिलाहरु एकदम कम मात्रामा सार्वजनिक शौचालय प्रयोग गर्दछन् । तर यसरी कम प्रयोग गर्नुको कारणमा महिलाहरुका अनुसार ३३% महिलाहरु सार्वजनिक शौचालय फोहर हुने भएकोले , २७% महिलाहरु चुकुल नभइ असुरक्षित महसुस भएकोले, १७% महिलाहरु लाजको कारणले , १७% महिलाहरु बानी नभएर र ६% महिलाहरुमा सार्वजनिक शौचालयको बारेमा ज्ञान नै नभएकोले गर्दा सार्वजनिक शौचालय प्रयोग नगर्ने गरेको बताउँछन् ।

यसरी सार्वजनिक शौचालय प्रयोगकर्ताहरु विभिन्न स्वास्थ्य समस्याका कारणहरुले गर्दा पनि एक दिनमा १ पटक देखि ३० पटक सम्म शौचालय प्रयोग गर्ने गरेको पाइयो । तर काठमाडौं वरपर सम्पूर्ण स्थानमा सार्वजनिक शौचालय नभएकोले यस्तो अवस्थामा सार्वजनिक मानिसहरुलाई धेरै अप्ठयारो हुने गर्दछ । यस्तो समयमा ४१% मानिसहरु नजिकैको पसलमा जाने गरेको, ३०% मानिसहरुले खुल्ला दिशा पिसाव नै गर्ने गरेको, २४% मानिसहरु धैर्य धारण गरि घरैमा फर्कन बाध्य भएको र ५% मानिसहरु नजिकको आपन्त वा साथी भाईको घरमा जाने गर्दछन् ।

## सार्वजनिक शौचालयको शुल्क

हाम्रो सर्वेक्षण अनुसार पिसाव गर्दाको शुल्क रु.२– रु.३ सम्म छ भने दिशा गर्दाको शुल्क रु.३ - रु.५ सम्म रहेको छ । जसमा ३०% शौचालयमा पिसाव गर्दाको शुल्क रु.२ रहेको र ७०% शौचालयमा पिसाव गर्दाको शुल्क रु.३ रहेको पाइयो । २०% शौचालयमा दिसा गर्दाको शुल्क रु.३ र ८०% शौचालयमा दिशा गर्दाको शुल्क रु.५ रहेको पाइयो ।

यसरी सार्वजनिक शौचालयमा शुल्क तिर्दा पनि ५६% व्यक्तिलाई आफूले शुल्क तिरे अनुसारको सुविधा पाए जस्तो लाग्दछ र ४४% व्यक्तिलाई भने शुल्क तिरे अनुसार सुविधा पाए जस्तो नलागेको कुरा प्रयोगकर्ताहरुले बताउनु भयो । साथै १२% प्रयोगकर्ताहरुलाई यो शुल्क सस्तो भएको , ३३% प्रयोगकर्ताहरुलाई शुल्क महँगो लागेको र ५४% शौचालय प्रयोगकर्ताहरुलाई हाल रहेको शुल्क उचित नै रहेको बताउनुभयो । तर ९०% प्रयोगकर्ताहरु सार्वजनिक शौचालय प्रयोग गरे बापत शुल्क लिनु उचित हो भनि वताउँछन् भने १०% सार्वजनिक शौचालय प्रयोगकर्ताहरु यो सार्वजनिक भएकोले शुल्क लिन नहुने बताउँछन् । तर पनि अधिकाशं मानिसहरु दिसा गर्दाको रकम रु.५ सम्म ठिक भएको र पिसाव गर्दाको शुल्क रु.२ सम्म भए सवैलाई राहत हुने बताउँछन् ।

## सार्वजनिक शौचालयमा भएका समस्याहरु

सार्वजनिक शौचालयमा भएका समस्याहरुमा हेरालु र प्रयोगकर्ताद्धारा भनिएका समस्याहरु लगभग उस्तै उस्तै छन् । यसमा पनि प्रथमिक्ता अनुसार हेर्दा महिला शौचालयमा सवभन्दा बढी समस्या महिनावारी भएको प्याड फ्याक्ने समस्या छ । यसमा सार्वजनिक शौचालयमा प्याड फ्याक्न बाल्टिनको व्यवस्था नगरिएकोले प्याड जहाँ पायो त्यहीं फ्याक्ने र शौचालयको प्वालमा फ्याकी शौचालय जाम भएको पाइयो । यसैगरि महिला सार्वजनिक शौचालयमा चुकुलको समस्यालले गर्दा अधिकांश महिलाहरुले सार्वजनिक शौचालय प्रयोग नगर्ने गरेको बताए भने हेरालुको अनुसार महिला शौचालयमा प्राथमिकताको आधारमा भएको समस्याहरुमा धारा तथा साबुन चोरी हुनु, जथाभावी दिशा पिसाव गर्नु , धुम्रपान गर्नु , महिलाहरुको लागि पिसाव फेर्न छुट्टै व्यवस्था नहुनु , प्यान फुटेको हुनु, महिलाहरुसंग सार्वजनिक शौचालय प्रयोग गरे बापत पैसा लिन गाह्रे हुनु साथै शौचालय भासिन्दा पनि सम्वन्धित निकाएको ध्यानमार्षण नहुन आदि प्रमुख समस्याहरु हुन ।

यसैगरि पुरुष शौचालयमा निम्न कुराहरु मुख्य समस्याको रुपमा रहेको पाइयो ।

१. धारामा पानी नआउनाले धाराको टुटी चोरी हुनु ।

२. पान खाएर जथाभावी थुक्नु

३. धुम्रपान गर्नु

४. दिशा पिसाव गरेपछि पैसा नतिरि जानु

५. शौचालय भित्र भित्तामा जे पायो त्यही लेख्नु

६. शौचालय भित्र लागु पदार्थ सेवन गरि घन्टौसम्म शौचालय भित्रै बस्नु

७. शौचालयमा पानीको अभाव हुनु

८. पुरुष शौचालयहरुमा चुकुल नहुनु

९. खाली बोतल, ढुङ्गा र कपडा आदि प्यानको प्वालमा फ्याकी शौचालय जाम हुनु

१०. जथाभावी दिसा पिसाव गरेर फोहर गर्नु

## सार्वजनिक शौचालय नभएको अवस्थामा भएका समस्याहरु

सार्वजनिक शौचालय नभएको अवस्थामा विभिन्न व्यक्तिहरुले विभिन्न प्रकारका समस्याहरु भोग्नु परेको हुन्छ । जुन शारीरिक र मानसिक रुपमा अस्वस्थकर मान्न सकिन्छ । यही समस्याका बारेमा हाम्रो अनुसन्धानबाट अधिकांश मानिसहरुलाई पेट दुख्न समस्या भएका पाइयो । यसरी पेट दुख्ने समस्याले गर्दा भविष्यमा गई यसबाट पत्थरीको रोग समेत हुन सक्ने कुरा चिकित्सकहरु बताउँछन् भने मानिसहरु यस समस्याबाट बच्न बाध्य भई खुल्ला दिसा पिसाव गर्ने गरेको बताउँछन् । यस्तो अवस्थामा शहरी क्षेत्रमा भएका शौचालयहरु ४१% मानिसहरुले प्रयोग गर्ने गरेको,

३०% मानिसहरु खुल्ला दिसा पिसाव प्रति नै उन्मुख हुने गरेको, २३% मानिसहरु छिटै घर नै पुग्ने व्यवस्था मिलाउने गरेको र ५% मानिसहरु नजिकको नातेदारकहाँ जाने गरेको पाइयो ।




**स्थलगत अध्ययनहरु**

कंकेश्वरी स्थित रहेको सार्वजनिक शौचालयको मासिक आम्दानी रु. ६००० हुन्छ र खर्च रु.१००० हुन्छ । वार्षिक रुपमा त्यहाँ रहेका हेरालु तिर्थ देउलाले नगरपालिकामा रु १२००० बुझाउनुपर्छ । यसरी दैनिक विहान ५:३० देखि ७:३० सम्म काम गर्न तिनको श्रीमतीले पनि उसलाई दैनिक रुपमा सहयोग गर्दा पनि तिर्थ देउलाको मासिक वचत रु ५००० हुन्छ । हुन त यहाँ रहेको महिला शौचालय सात वटा मध्ये चार वटा भाँसिएको छ । यस्तो अवस्थामा पनि नगरपालीकाले केही वास्ता नगरेको हुनाले उनी यो पेशाबाट असन्तुष्त भएका कुरा बताउँछन् । यदि सम्बन्धित वडाले सहयोग नगरेमा आगामी दिनहरुमा यो पेशा छोड्ने कुरा समेत बताउँछन् ।





कंकेश्वरी स्थित संचालनमा रहेको र भासिएका सार्वजनिक शौचालयको झलक

# सार्वजनिक शौचालय एक अध्ययन

विजेश्वरी स्थित रहेको सार्वजनिक शौचालयमा पानीको लागि इनारको व्यवस्था छ तर पनि विगत ३ १/२ (साढे तीन वर्ष देखि त्यो शौचालय बन्द भई हाल २०१० June 5 तारिखका दिनदेखि मात्र पुन संचालनमा आएको छ। यसरी राम्रो स्थितिमा रहेको सार्वजनिक शौचालय बन्द हुनुको स्थितिको खोजको क्रममा, त्यो शौचालयमा रहेको इनारमा ३ १/२ (साढे तीन वर्ष) अघि एक बालकको मोवाइल खसेको थियो। त्यो बालक मोवाइल झिक्ने निहुमा इनारभित्रै पसेर बाहिर नआएपछि उसको ज्यान बचाउने एक आर्मी पनि सोहि इनारमा पसेको थियो तर दुवैको मृत्यु त्यस इनारमा भएछ त्यसको बाबजूद पनि सो सार्वजनिक शौचालय चालु स्थितिमा नै थियो तर फेरी त्यस घटनाको लगत्तै पुन अर्को बच्चा खेल्दा खेल्दै सोही इनार भित्र खसेर मृत्यु भएकोले त्यहाँको शौचालय बन्द भएको जानकारी हामीले पायौं। यसरी बारम्बार मान्छेको मृत्यु भई मानसिक तनाव भएकोले हाम्रो सर्वेक्षणको दिन पनि त्यहाँका हेरालु ...........................विहान देखि नै रक्सी खाएर बसेका थिए।

लगनखेल जस्तो व्यस्त ठाउँमा जम्मा  एकवटा सार्वजनिक शौचालय रहेको छ। जहाँ पुरुषको लागि पिसाव गर्ने स्थान एक वटा रहेका छ भने पुरुषको लागि दिसा गर्ने स्थान ३ वटा मात्र  छ। महिलाको लागि दिशा गर्ने स्थान ३ वटा मात्र छ। यहाँ मानिसहरुको चाप अधिक भएकोले दैनिक आम्दानी नै  रु ३०००-३५०० रहेको छ। त्यसैले यहाँको सर सफाईलाई पनि ध्यानमा राखि ३ जना मानिसले दैनिक हेरालुको रुपमा काम गर्छन् भने हेरालुको मासिक तलव रु ३००० छ। यहाँको हेरालुले पिसाव गरि आउने व्यक्तिले रु ५ दिएमा फिर्ता रकम रु २ नफर्काई हल्स चक्लेट दिने गर्दछ। जुन एक प्रकारको व्यापार नै भन्न सकिन्छ। यहाँ दैनिक रुपमा शौचालय सफा गर्न ४ जना व्यक्ति आउने गर्दछ। उनीहरुको मासिक तलब प्रति व्यक्ति रु ३००० रहेको छ। यस शौचालयमा आउने शौचालय प्रयोगकर्ताहरु पनि वरपरको पसल र यो शौचालय बसपार्कमा भएकोले गर्दा बसका डाइभर र खलासी अधिक मात्रामा शौचालय प्रयोगकर्ताको रुपमा देखिन्छ। त्यसैले यहाँ महिलाको तुलनामा पुरुषको चाप बढी भएकोले पुरुषले महिला शौचालय पनि प्रयोग गर्ने गरेको पाइन्छ।






### संक्षेप

वर्तमान नेपालको शहरीकरणको परिपेक्ष हेर्दा सार्वजनिक शौचालयको महत्व र यसको आवश्यकताको ठूलो भूमिका रहेको छ । हाल रही आएको सार्वजनिक शौचालयहरुको उचित मूल्याङकन र यसको आवश्यकतालाई हेरी उचित व्यवस्थापन पनि भएको पाइदैन तैपनि महानगरपालिका द्धारा भने यस कुरा प्रति केही मात्रामा ध्यानार्कषण भई केही क्षेत्रमा भने शहरी सेवा केन्द्रको नाममा सार्वजनिक शौचालय संगसंगै नुहाउने ठाउँको पनि व्यवस्था भएको ठाउँको विकास भएको पाइन्छ ।

यसरी शहरी क्षेत्रमा भएका सिमित श्रोत र साधनहरुको समन्वय गरी सार्वजनिक शौचालयको विकास गर्न खोजिए पनि वातावरणीय सन्तुलन अनुसार अक्षै पनि यस क्षेत्रको विकासको लागि काम गर्न बाँकि भएको देखिन्छ । उचित पानी, महिला शौचालयमा चुकुल, महिनावारी भएको अवस्थाको लागि डस्टविन आदिको आवश्यकता छ । सार्वजनिक शौचालय सवैको लागि भएकोले अझ पनि शौचालय प्रयोगकर्ताहरुको लागि भनि उचित व्यवस्था गरेको हुनुपर्छ । जस्तैः बालवालिकाको लागि , शारिरीक अपाङ्गको लागि उचित प्यानको व्यवस्था गर्ने, राम्रो हावाको आवत जावतको लागि झ्यालहरु व्यवस्था आदि ।

यसरी सार्वजनिक शौचालयको व्यवस्थापनमा विभिन्न चुनौतीहरु सामना गर्नुपर्ने हुन्छ  र यसको प्रत्यक्ष प्रभाव भने सार्वजनिक शौचालय हेरालुले भोग्नु परेको हुन्छ । यस्तो अवस्थामा पनि मानिसहरु अझै पनि सार्वजनिक शौचालय प्रयोग पछि पैसा तिर्न हिचकिचाउँछन् । त्यसैले सम्पूर्ण शौचालय प्रयोगकर्ताहरुले पनि सार्वजनिक शौचालयको महत्व बुझ्नु आवश्यक भएको छ ।

### निष्कर्ष तथा सुझाव

यस अध्ययन पछि हामी रिङरोड वरपरको सार्वजनिक शौचालयको लागि यसको सरोकारवालाहरुको लागि निम्न कुराहरु सुझाव दिन चाहान्छौं ।

- सार्वजनिक शौचालयले वातावरणमा प्रत्यक्ष रुपमा प्रभाव पारी रहेको हुन्छ । त्यसैले यसको सरसफाईमा सवैको चासो हुनु पर्दछ । आजको दिनमा सार्वजनिक शौचालय मानिसले प्रयोग गर्न नचाहानुको एक प्रमूख कारण भनेको पानी र उचित सरसफाइको अभाव हो । त्यसैले सार्वजनिक शौचालयमा महानगरपालीका एवंम उप महानगरपालीकाले

पानीको उचित व्यवस्था मिलाइ दिनु जरुरी देखिन्छ भने पानी नभएको अवस्थाको लागि आकाशे पानी प्रयोग गरी खपत गर्नु पनि अर्को विकल्प बनाउन सकिन्छ ।

- हाम्रो सर्वेक्षण अनुसार पनि सरसफाइको कारणले गर्दा पुरुषको तुलनामा महिलाहरु कमैमात्र सार्वजनिक शौचालय प्रयोग गर्ने गरेको पाइयो । त्यसको प्रमूख कारण गन्ध र सरसफाईको अभाव भएको देखिन्छ । त्यसैले हावा आवत जावतको लागि झ्यालहरुको व्यवस्था भएको खण्डमा सार्वजनिक शौचालयाबाट आउने गन्ध केही मात्रा कम हनेथ्यो भने यस्ता शौचालयहरु दैनिक रुपमा मानिसको चाप अनुसार सफा गर्ने गर्नुपर्छ ।
- सार्वजनिक शौचालय सर्वसाधारणको लागि भएकोले शौचालय मानिसहरु चाप हुने क्षेत्र जस्तै : व्यापारिक क्षेत्र, वसपार्क , तरकारी बजार आदि मा नभएको खण्डमा मानिसहरु स्वत रुपमा खुल्ला दिसा पिसाव गर्न उन्मुख भएको पाइयो । त्यसैले यस्तो कुरालाई निरुत्साहित गर्न सम्भव भएसम्मका मानिसको चाप हुने  स्थानहरुमा सार्वजनिक शौचालय बनाउनुपर्छ । तर यदि सार्वजनिक जग्गाहरु नभएको स्थान भएमा स्थानिय व्यापारी केन्द्रहरु लक्षित गरी सार्वजनीक शौचालय अनिवार्य रुपमा बनाउन लगाई त्यस ठाउँमा सार्वजनिक शौचालय छ भन्ने जानकारीको लागि त्यस स्थानमा होडिङ बोर्डको समेत व्यवस्था गर्न सकिन्छ । यसरी सार्वजनिक शौचालय व्यापार उन्मुख नभई राष्ट्रले सर्वसाधारणलाई दिने एक सुविधा भएकोले यसको शुल्क निहुनतम हुनु आवश्यक हुन्छ ।

- सार्वजनिक शौचालयप्रतिको नकरात्मक भावनालाई  सकरात्मक बनाउन शौचालयको भित्तामा विभिन्न अनावश्यक रुपमा लेखिएका कुराहरुलाई हटाउनु पर्छ र रंग लगाउनुपर्छ । सम्भव भए सवै सार्वजनिक शौचालयमा नुहाउने ठाउँको व्यवस्था हुनु पर्छ । राम्रो चुकुल र महिला पुरुषको लागि अलग अलग शौचालयको व्यवस्था नभएकाले गर्दा असुरक्षित महसूस गरी महिलाहरुले सार्वजनिक शौचालय कमै प्रयोग गर्ने गरेको पाइयो । त्यसैले सुरक्षाको प्रत्याभूतीको लागि सार्वजनिक शौचालयहरुमा चुकुल र महिला र पुरुषको लागि अलग अलग शौचालयको व्यवस्था हुनुपर्दछ । साथै हाल आएर सार्वजनिक शौचालयमा हुने गरेको विभिन्न लागु औषध दुरव्यसनीलाई , पैसा लुट्ने जस्ता सामाजिक अपराधलाई निरुत्साहित गर्न सम्वन्धित सुरक्षा निकाएसंग समन्वय गर्नुपर्छ ।

- सार्वजनिक शौचालय ठेकेदार , निजि संस्था वा हेरालु आफैले संचालन गरेको पाइयो तापनि सम्वन्धित निकाए ( का.म.न.पा ) बाट यसको निरीक्षण भएको पाइदैन । जसले गर्दा यि सार्वजनिक शौचालयको स्थिती राम्रो भएको पाइएन । त्यसैले सार्वजनिक शौचालयको सुधारको लागि समय समयमा सम्वन्धित निकाएबाट यसको निरिक्षण हुनु पर्दछ ।

# अनुसुची

## १. सर्वेक्षण गरीएका सार्वजनिक शौचालयको विवरण

| सि.नं | वडा | शौचालय रहेको स्थान |
|---|---|---|
| १. | | कालीमाटी |
| २. | १३ | शंखधर पार्क |
| ३. | १९ | कंकेश्वरी |
| ४. | १८ | डल्लु |
| ५. | १७ | विज्यश्वरी |
| ६. | १५ | भूइखेल |
| ७. | ३१ | रत्नपार्क |
| ८. | ३१ | शान्ती बाटीका |
| ९. | ३१ | वीर हस्पीटल |
| १०. | ३१ | पुरानो बसपार्क अगाडि |
| ११. | १४ | कलंकी |
| १२. | २९ | गोंगबु नयाँ बसपार्क |
| १३. | ७ | शंखपार्क |

| | | |
|---|---|---|
| १४. | ७ | चावहील |
| १५. | ८ | जयवागेश्वरी |
| १६. | ८ | गौशाला |
| १७. | १२ | लगनखेल |
| १८. | १२ | मंगलबजार |
| १९. | ४ | जाउलाखेल |
| २०. | १० | पाटन ढोका |

**२. प्रश्नावलीहरु**

# एकीकृत शहरी विकास केन्द्र

सानेपा, गुसिंगाल

**सार्वजनिक शौचालय सर्वेक्षण फाराम**

१. सार्वजनिक शौचालय रहेको स्थान : ....................................................................

२. पिसाब गर्ने स्थान : महिला .......... पुरुष ............. चलेको महिला ...... पुरुष .........(संख्या उल्लेख गर्ने)

३. दिसा गर्ने स्थान : महिला ........... पुरुष ............. चलेको महिला ...... पुरुष .........(संख्या उल्लेख गर्ने)

४. पानीको व्यवस्था : १. छ २. छैन

५. कहाँबाट पानी लिने १. जमिनमुनी २. ट्ङ्कर ३. धारा

दैनिक पानी कति खपत हुन्छ ? ........................लि

| | महिला | | | पुरुष | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १. गन्ध | १. आउँछ | २. आउँदैन | | १. आउँछ | २. आउँदैन | |
| २. सफा | १. छ | २. छैन | ३. ठिकै | १. छ | २. छैन | ३. ठिकै |
| ३. साबुनको व्यवस्था | १. छ | २. छैन | | | | |
| ४. धारा | १. छ | २. छैन | ३. आशिक | १. छ | २. छैन | ३. आशिक |
| ५. भेन्टिलेसन | १. छ | २. छैन | | १. छ | २. छैन | |
| ६. चुकुल | १. छ | २. छैन | ३. आशिक | १. छ | २. छैन | ३. आशिक |
| ७. उज्यालो/बिजुली | १. छ | २. छैन | | १. छ | २. छैन | |

| सुविधा | | | | | | |
|---|---|---|---|---|---|---|

६. सरसफाईको अवस्था : ***(आफैले अनुगमन गरि भर्ने)***

७. कहिले कहिले सफा गर्नुहुन्छ ?

१. दैनिक २. साप्ताहिक ३. फोहर भए पछि ४. अन्य............

८. सफा कसले गर्ने गरेको १. हेरालु आफै २. सफा गर्न आउँछ ३. सफा गरिदैन

९. सफा गर्न आउँनेले मासिक कति पैसा लिन्छ ? .........................

१०. सफा गर्दा फिनेल अथवा अन्य औषधीको प्रयोग गर्ने गरेको छ ? १. छ २. छैन

११. दिसा पिसाबको व्यबस्थापन

१. ढलमा २. खाल्डोमा/सेप्टि टंयाक ३. लिन आउँछ ४. गोबर ग्याँस ५. अन्य..........

११.० यदि लिन आउँछ भने

११.१ कति समयको अन्तरालमा ............ ११.२ कति खर्च लाग्छ ? ............ ११.३ खर्च कसले व्यहोर्छ .........

१२. तपाई यस शौचालयको १. व्यबस्थापक/ठेकेदार २. हेरालु ३. अन्य ...............

१२.१ यदि हेरालु भए मासिक कति तलब पाउँछ ? ...................

१२.२ दैनिक कतिजना मानिसले काम गर्नुपर्छ ? ..................

१३. दैनिक कति बजे देखि कति बजे सम्म संचालन हुन्छ ? बिहान .............देखि राती ......... सम्म

१३.१ शनिवार/सा. विदाको दिन खुल्छ ? १. खुल्छ २. खुल्दैन

१४. शुल्क १४.१ पिसाब गर्दा रु. ............... १४.२ दिसा गर्दा रु. ...................

१४.३ यदि सडक व्यापारी/पसले/समुदायले पनि प्रयोग गर्छ भए,

मासिक कति शुल्क दिन्छन ................. १४.३१ प्रयोगकर्ता कति जना छन् .................

१५. दैनिक कति जना सम्म आउँछन

१५.१ दिसा गर्न ....................जना  १५.२ पिसाब गर्न ................जना

१६. शौचालय प्रयोग गर्नेमा को बढी छन ? १. महिला २. पुरुष ३. बराबरी

१६.२ प्रयोगकर्तामा कस्ता मानिसहरु बढी छन् ? प्राथमिकता क्रममा भर्नुहोस

(.......) बटुवा (.......) सडक व्यापारी/भरिया (.......) वरिपरिका पसले (.......) अन्य .............

१७. दैनिक कति आम्दानी हुन्छ ? ...................

१८. यो ठाउँ अनुसार शौचालय संख्या पुगेको छ/छैन ? १. छ २. छैन

१९. शौचालय यहाँ भएर पनि बाहिर जाने छन ? १. छ २. छैन

२०. यदि तपाईले लिज/ठेकामा लिनु भएको भए,

१. कति रकम बुझाउनु पर्छ ? मासिक ......................... वा वार्षिक ..............................

२. कसलाई .................

३. व्यवस्थापन, सरसफाईमा कति खर्च हुन्छ ? मासिक ................. वा वार्षिक ..............................

४. कति बचत हुन्छ ? मसिक .............

२१. शौचालयमा रहेको समस्या

(जस्तै : प्याड जथाभावी फाल्ने, पानी, प्यान फुटेको, चुकुल अन्य)

महिला १.

२.

३.

(जस्तै : जथाभावी पिसाब गर्ने, पानी, urinal फुटेको, चुकुल अन्य)

पुरुष १.

२.

३.

समय दिनु भएकोमा धन्यबाद

# एकीकृत शहरी विकास केन्द्र

सानेपा, गुसिंगाल

## सार्वजनिक शौचालय सर्वेक्षण फाराम (बटुवा/प्रयोगकर्ता)

१. स्थान : ....................................

२. नाम : .......................................   ३. उमेर ..........   ४. लिङ्ग   १. महिला   २. पुरुष

५. ठेगाना : ..................................

६. के तपाई सार्वजनिक शौचालय प्रयोग गर्ने गर्नुहुन्छ ?   १. गर्छु   २. गर्दिन

६.१ यदि गर्नुहुन्छ भने,

१. महिनामा कति पल्ट जति प्रयोग गर्नुहुन्छ ? ....................

२. के प्रयोग गरेको चर्पी सफा थियो ?   १. थियो   २. थिएन

३. पैसा तिरे अनुसार सुविधा पाए जस्तो लाग्छ ?   १. लाग्छ   २. लाग्दैन

४. शुल्क कस्तो छ ?   १. सस्तो   २. महँगो   ३. ठिकै

५. गोपनियता   १. छ   २. छैन

६.२ यदि गर्नुहुन्न भए किन

१. फोहर हुने भएर   २. महंगो भएर   ३. असुरक्षित   ४. अन्य ............

७. तपाईको विचारमा सा. शौचालय चाहिन्छ ?   १. चाहिन्छ   २. चाहिदैन

८. तपाईको विचारमा सा. शौचालयमा पैसा लिनुपर्छ ?   १. पर्छ   २. पर्दैन

९. शुल्क कति हुनु ठिक लाग्छ ?   १. दिसा .............   २. पिसाब .................

१०. कुनै बेला सा. शौचालय नभएर केहि समस्या भोग्नु भएको छ ?

१. .........................................   २. ............................................

११. शौचालय नभएको अवस्था/स्थानमा के गर्नुहुन्छ ?

## सार्वजनिक शौचालय एक अध्ययन

१. नजिकैको पसलमा जान्छु　　२. घरै आँउछु　　३. खुल्ला ठाउँमा जान्छु　　४. अन्य ..............

१२. तपाईको विचारमा कस्तो स्थानमा सा. शौचालय हुनुपर्छ ?

१. .............................२. ....................................... ३. ...................................

१३. महिलाहरुलाई मात्र सोध्ने,

१३.१ किन महिलाहरु सा. शौचालय प्रयोग गर्न हिचकिचाउ छन ?

१. फोहर भएर　　२. असुरक्षित　　३. लाजले　　४. बानी नभएर　　५. अन्य ..........

१३.२ महिलाहरुको लागि सा. शौचालयमा केहि थप व्यवस्थापन हुनुपर्छ ?

१. .......................　　२. .......................................　　३. ............................

१३.३ प्याड/कपडा फाल्ने स्थान हुनुपर्छ ?　　१. पर्छ　　२. पर्दैन

१४. सा. शौचालयमा के सुधार गर्नुपर्छ जस्तो लाग्छ ?

**समय दिनु भएकोमा धन्यबाद**

### ३. सर्वेक्षण सहयोगीहरु

| सि.नं | नाम |
|---|---|
| १. | दिवेश सायमी |
| २. | सरला श्रेष्ठ |
| ३. | चन्दा श्रेष्ठ |

| | |
|---|---|
| ४. | रमेश सिंह |
| ५. | उर्मिला श्रेष्ठ |
| ६. | जीम श्रेष्ठ |
| ७. | शैलिना स्थापीत |